# डुडुवा गाउँपालिकाको
# *"घरघरमा स्वास्थ्य अभियान सञ्चालन"*
# कार्यक्रम – २०७४

गरिबी, अशिक्षा तथा स्वास्थ्य चेतनाको कमीका कारण सामान्य रोगको समेत पहिचान र उपचार हुन नसकि अकालमै मृत्यूको सामना गर्नुपर्ने अत्यन्तै दुःखद अवस्था रहेको यस डुडुवा गाउँपालिकाका स्थानीय नागरिकको स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्दै घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले डुडुवा गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँ सभाबाट पारित निति तथा कार्यक्रममा उच्च प्राथमिकता दिईएको " घरघरमा स्वास्थ्य अभियान" लाई कार्यान्वयन गर्न यो डुडुवा गाउँपालिकाको*"घरघरमा स्वास्थ्य अभियान सञ्चालन"* कार्यक्रम - २०७४ तयार गरिएको हो ।

**(क) आवश्यक जनशक्ति ब्यबस्थापन:**

नेपालको संविधानले समेत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको र डुडुवा गाउँपालिकाले पनि निति तथा कार्यक्रममा नागरिकको सहज र सर्वसुलभ स्वास्थ्य सुविधालाई प्राथमिकतामा राखेको हुँदा यो कार्यक्रम सञ्चालन र ब्यबस्थापनका लागि प्रत्येक ३/३ महिनामा नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउनको लागि देहाय बमोजिम जनशक्ति ब्यबस्थापन गरिने छ ।

- कर्मचारीको व्यवस्थापन गाउँपालिका स्वास्थ्य संस्था संचालन, व्यवस्थापन तथा अनुगमन समितिले गर्नेछ ।

यस कार्यक्रमको लागि २५ जना स्वास्थ्यकर्मी सेवा करारमा लिइनेछ ।

(ग) कार्यक्रमलाई अन्य ८ जना स्वास्थ्यकर्मी डुडुवा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट आलोपालो गरी सहभागी गराइनेछ ।

(घ) कार्यक्रममा खटिने २५ जना करार स्वास्थ्यकर्मीहरुको सेवा सुविधा र ८ जना स्वास्थ्यकर्मीहरुको खाजा खर्च समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) यो कार्यक्रम समितिले तय गरेको मितिबाट संचालन हुनेछ ।

(च) कार्यक्रममा सहभागी हुने स्वास्थ्यकर्मीहरुको अभिमूखिकरण हुनेछ ।

(छ) अभिमूखिकरणमा लाग्ने खाजा र स्टेसनरी खर्च समितिको निर्णय अनुसार हुनेछ ।

(ज) अभिमूखिकरण गोष्ठीको मिति समितिले तोके बमोजिम हुनेछ ।

(झ) कार्यक्रमको संयोजक समितिले तोकेको नेपाल सरकारको अधिकृत स्तरको कर्मचारी  हुनेछ ।

(ञ) कार्यक्रमका लागि चाहिने स्टेसनरी, औषधि तथा आवश्यक सामग्रीको व्यवस्थापन समितिले गर्नेछ ।

(ट)घरदैलो कार्यक्रमको अवधि हरेक ३/३ महिनाको रहनेछ ।

(ठ) प्रत्येक नागरिकलाई स्वास्थ्य कार्ड उपलब्ध गराउने छ ।

**(ख) सामुदायिक प्रयोगशाला स्थापना तथा संचालन:**

डुडुवा गाउँपालिका क्षेत्रमा समान्य रोगको समेत परिक्षण गर्ने ल्याबको अभावमा यहाँका नागरिकले नेपालगञ्ज सम्मको यात्रा तय गर्नु पर्ने अवस्थाको अन्त्य गर्न यस गाउँपालिकामा एउटा सामुदायिक प्रयोगशाला स्थापना गर्न आवश्यक रहेको हुँदा देहाय बमोजिमको एक प्रयोगशाला स्थापना तथा सञ्चालन गरिने छ ।

(क) संचालन हुने प्रयोगशालाको पूर्ण स्वामित्व गाउँपालिका स्वास्थ्य सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समितिमा निहित रहनेछ ।

(ख) कर्मचारीहरुको व्यवस्थापन तथा पारिश्रमिक सम्बन्धी स्वास्थ्य सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समितिमा निहित रहनेछ ।

(ग) प्रयोगशालामा देहाय बमोजिम कर्मचारीहरु रहनेछन् ।

- ल्याब टेक्निसियन - १ जना
- ल्याब असिस्टेन्ट - २ जना
- कार्यालय सहयोगी - १ जना

**(ग) बर्थिङ सेन्टरमा कर्मचारी ब्यवस्थापन :**

(क) बर्थिङ सेन्टरमा देहाय बमोजिम कर्मचारीहरु रहने ।

- अ.न.मी. - २ जना
- स्वीपर - १ जना

(ख) बर्थिङ सेन्टरमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(ग) बर्थिङ सेन्टरमा कार्यरत करार कर्मचारीहरुको करार सम्झौता ६/६ महिनामा समितिले अद्यावधिक गर्ने ।

(घ) करार कर्मचारीहरुको विदा स्वीकृत समितिको अध्यक्षले गर्ने ।

**(घ) कार्यक्रमको अनुगमन तथा मुल्यांकन:**

घरघरमा स्वास्थ्य अभियानको अनुगमन साथै सहजिकरण गर्न देहाय बमोजिमको अनुगमन तथा सहजिकरण समिति रहने छ ।

- गाउँपालिका अध्यक्ष - संयोजक
- गाउँपालिका उपाध्यक्ष -सदस्य

- प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- स्वा. संयोजक -सदस्य
- स्वा.उपसंयोजक-सदस्य

अनुगमनका लागि समितिले आवश्यक ठानेमा अन्य पदाधिकारी तथा कर्मचारीहरुलाई पनि परिचालन गर्न सक्नेछ ।

(ग) अनुगमन पश्चात कार्यक्रममा देखिएको सबल तथा दुर्वल पक्ष अनुगमनकर्ताले समितिमा पेश गर्नु पर्नेछ ।

(घ) कार्यक्रमको अन्तमा कार्यक्रमको समीक्षा गरिने छ ।

**१.कार्यक्रमको नाम :** घर घरमा निशुल्क स्वास्थ्य सेवा

**२.स्वीकृत बजेट** : ५०,००,०००।-

**३.कार्यक्रम संचालन हुने स्थान :-** डुडुवा गाँउपालिकाको ६ वटै वडाका सबै घरधुरीका सबै जनसंख्या

**४. कार्यक्रम संचालन गर्ने निकाय :-** डुडुवा गाउपालिकाको समन्वयमा स्वास्थ्य शाखा डुडुवा बाँके

**५.अबधी :-** प्रत्येक ३।३ महिना

**५.सेवा :-** निशुल्क

६. **आवस्यक स्वास्थ्यकर्मि** :-स्वास्थ्य सहायक २,अहेब १४, अनमी ६,सहयोगी १ जम्मा २३ जना

७.ल्याबका लागी आबस्यक जनशक्ती :- ल्याब टेक्नेशियन १ अ. टे. २ जम्मा ३ जना

| सि.नं. | कर्मचारी विवरण | संख्या | मासिक तलब | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ल्याब टेक्नेशियन | १ | १६५०० | ९९००० | ६ महिना |
| २ | ल्याब अ. | २ | १५००० | १८०००० | ६ महिना |
| ३ | स्वास्थ्य सहायक | २ | १६५०० | १६५००० | ५ महिना |
| ३. | अहेब र अनमी | २० | १५००० | १५००००० | ५ महिना |
| ४ | सहयोगी | १ | १२००० | ६०००० | ५ महिना |
| जम्मा | | | | २०,०४,००० | |

**८.प्रस्तावित कार्यक्रम तथा बजेट :-**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य कार्ड छपाई | ३३९००० | |
| २ | ल्याब स्थापना | ९११००० | |
| ३ | जनशक्ति ब्यबस्थापन | २००४००० | |
| ४ | औषधी | १०००००० | |
| ५ | यातायात र खाजा खर्च ८ जना स्वास्थ्यकर्मी | ३५०००० | |
| ६ | तालिम र अन्तरक्रिया | १५०००० | |
| ७ | मसलन्द | १००००० | |
| ८ | अनुगमन निरिक्षण | १००००० | |
| ९ | आकस्मिक कोष | ४६००० | |
| | कुल जम्मा | ५०,००,००० | |